# मानेभञ्ज्याङ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
मानेभञ्ज्याङ, ओखलढुङ्गा
कोशी प्रदेश, नेपाल

प.सं. : २०८२/८३
च.नं. : १०६१

वि.सं. २०८२/११/०४
ने.सं. ११४६, सिल्लागा, चतुर्दशी

**श्री सम्बन्धित सामुदायिक तथा संस्थागत विद्यालयहरू सबै,**
**मानेभञ्ज्याङ गाउँपालिका, ओखलढुङ्गा।**

**विषय: आधारभूत तह (कक्षा ५ र कक्षा ८) को परीक्षा आवेदन फारम सम्बन्धमा।**

प्रस्तुत विषयमा यस मानेभञ्ज्याङ गाउँपालिकाबाट शैक्षिक वर्ष २०८२ को आधारभूत तह (कक्षा ५ र ८) उत्तीर्ण परीक्षा संचालन गर्ने प्रयोजनका लागि यस गाउँपालिका अन्तर्गत संचालित सम्पूर्ण विद्यालयहरूमा आधारभूत तह (कक्षा ५ र कक्षा ८) मा अध्ययनरत विद्यार्थीहरूको तपसिल बमोजिमको प्रक्रिया अपनाई परीक्षा आवेदन फारम भरी देहायका कागजात सहित मिति २०८२ फागुन १५ गते भित्रमा अनिवार्य रुपमा यस कार्यालयमा पेश गर्नुहुन अनुरोध छ। साथै अन्य कक्षाहरूको हकमा विद्यालयले नै व्यवस्थापन गर्नुहुन अनुरोध छ।

**तपसिल:**

**Application Form तयार गर्ने प्रक्रिया:**

१. आफ्नो विद्यालयको IEMIS Login गर्ने,
२. Student Record मा Click गरी Student Information मा गएर जन्मदर्ता अनुसार प्रत्येक विद्यार्थीको विवरण रुजु गर्ने र सच्याउनु पर्ने भए Edit मार्फत सच्याउने र विद्यार्थीको फोटो अनिवार्य रुपमा अपलोड गर्ने, (विद्यार्थीको Symbol Number राखे पश्चात विद्यार्थीको विवरण सच्याउन नमिल्ने भएकाले सबै विवरण Application Form Download गर्नुअघि नै रूजु गरी सच्याउनुहुन)
३. Manage Exam मा Click गरी Application Form मा गएर २०८२ छनौट गरी Load गर्ने र कक्षा ५ र कक्षा ८ को Application Form प्रिन्ट गर्ने,
४. Application Form मा सम्बन्धित विद्यार्थीको फोटोको सुनिश्चितता गरी हस्ताक्षर, अभिभावकको हस्ताक्षर र प्रधानाध्यापकको हस्ताक्षर अनिवार्य रुपमा गर्ने गराउने।

**देहाय:**

**परीक्षा आवेदन फारम साथ पेश गर्नुपर्ने कागजातहरु:**

१. Application Form
२. जन्मदर्ता प्रमाण पत्रको प्रतिलिपि
३. विद्यालयबाट देहायको ढाँचामा तयार गरेको परीक्षा आवेदन फारम सम्बन्धी पत्र (कक्षा ५ र कक्षा ८ को छुट्टाछुट्टै)

| सि.नं. | विद्यार्थीको नाम (English मा) | कक्षा | जन्ममिति | बुबाको नाम | आमाको नाम | सम्पर्क नम्बर | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |

राजेन्द्र सिग्देल
शिक्षा अधिकृत
(अधिकृतस्तर सातौं)

दिनेश कुमार राई
प्रमुख प्रशासकीय अधिकृत



CamScanner

# मानेभञ्ज्याङ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
मानेभञ्ज्याङ, ओखलढुङ्गा
कोशी प्रदेश, नेपाल

प.सं. : २०८२/८३
च.नं. : १०६२

वि.सं. २०८२/११/०४
ने.सं. ११४६, सिल्लागा, चतुर्दशी

श्री सम्बन्धित सामुदायिक तथा संस्थागत विद्यालयहरू सबै,
मानेभञ्ज्याङ गाउँपालिका, ओखलढुङ्गा।

**विषय: वार्षिक परीक्षाको परीक्षा तालिका सम्बन्धमा।**

प्रस्तुत विषयमा शै.स. २०८२ को बार्षिक परीक्षा देहाय बमोजिमको समय तालिका अनुसार सञ्चालन गर्नुगराउनु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल:**

**शै.स. २०८२ को कक्षा ४ देखि ९ सम्मको वार्षिक परीक्षा समय तालिका:** **समय: बिहान ११:०० बजेबाट**

| मिति/ कक्षा | २०८२/१२/०८ | २०८२/१२/०९ | २०८२/१२/१० | २०८२/१२/११ | २०८२/१२/१२ | २०८२/१२/१५ | २०८२/१२/१६ | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| ४ | गणित | स्वास्थ्य, शारीरिक तथा सिर्जनात्मक कला | विज्ञान तथा प्रविधि | सामाजिक अध्ययन तथा मानवमूल्य शिक्षा | नेपाली | अंग्रेजी | स्थानीय विषय | समय २ घण्टा |
| ५ | अंग्रेजी | नेपाली | स्वास्थ्य, शारीरिक तथा सिर्जनात्मक कला | विज्ञान तथा प्रविधि | सामाजिक अध्ययन तथा मानवमूल्य शिक्षा | गणित | स्थानीय विषय | |
| ६ | गणित | स्वास्थ्य, शारीरिक तथा सिर्जनात्मक कला | विज्ञान तथा प्रविधि | सामाजिक अध्ययन तथा मानवमूल्य शिक्षा | नेपाली | अंग्रेजी | स्थानीय विषय | |
| ७ | अंग्रेजी | नेपाली | स्वास्थ्य, शारीरिक तथा सिर्जनात्मक कला | विज्ञान तथा प्रविधि | सामाजिक अध्ययन तथा मानवमूल्य शिक्षा | गणित | स्थानीय विषय | |
| ८ | गणित | सामाजिक अध्ययन तथा मानवमूल्य शिक्षा | अंग्रेजी | स्वास्थ्य, शारीरिक तथा सिर्जनात्मक कला | विज्ञान तथा प्रविधि | नेपाली | स्थानीय विषय | |
| ९ | अंग्रेजी | नेपाली | विज्ञान तथा प्रविधि | सामाजिक अध्ययन | ऐ. प्रथम | गणित | ऐ.द्वितीय | समय ३ घण्टा |

**परीक्षा संचालन तथा व्यवस्थापन सम्बन्धी थप जानकारी:**

- कक्षा ४ देखि ९ सम्मको परीक्षाको लागि सबै विद्यालयहरूलाई परीक्षा समितिद्वारा निर्माण गरिएका सबै अनिवार्य विषयका (स्थानीय विषय बाहेकका) प्रश्नपत्र र मूल उत्तरपुस्तिका उपलब्ध गराइनेछ।
- कक्षा ५ र कक्षा ८ को अनिवार्य विषयका उत्तरपुस्तिका पालिकाबाटै परीक्षणको व्यवस्था मिलाइनेछ।
- प्रश्नपत्र र उत्तरपुस्तिका सम्बन्धित वडाको लिडर मा.वि. सम्म पुर्याउने व्यवस्था गरिनेछ।
- परीक्षाको उत्तरपुस्तिका परीक्षण पश्चात् सम्बन्धित विद्यार्थीको उत्तरपुस्तिका तथा प्राप्ताङ्क सहितको विवरण सम्बन्धित विद्यालयलाई प्रदान गरिनेछ।

राजेन्द्र सिग्देल
शिक्षा अधिकृत
(अधिकृतस्तर ...)

... कुमार राई
प्रमुख प्रशासकीय अधिकृत

कृषि, पर्यटन, सुशासन, खेलकुद र पूर्वाधार : समृद्ध मानेभञ्ज्याङ गाउँपालिकाको आधार
https://manebhanjyangmun.gov.np/, Email: info@manebhanjyangmun.gov.np, ☎ : 9852820002/9852844408

CamScanner

- बालविकास देखि कक्षा ३ सम्मको मूल्याङ्कन पद्धति निरन्तर मूल्याङ्कन प्रक्रिया अनुसार नै हुने हुँदा सोहीअनुसार गर्नु गराउनुहुन ।
- स्थानीय विषयको प्रश्नपत्र निर्माण र परीक्षा सञ्चालनको जिम्मेवारी विद्यार्थी अध्ययनरत विद्यालयलाई नै प्रदान गरिएको छ ।
- परीक्षा संचालन तथा व्यवस्थापन सम्बन्धमा थप निर्देशन परीक्षा समितिको निर्णय अनुसार हुनेछ ।
- परीक्षा केन्द्र, केन्द्राध्यक्ष, पर्यवेक्षक सम्बन्धी व्यवस्था तथा अन्य थप सूचना पछि (परीक्षा आवेदन फारम प्राप्त भए पश्चात) प्रकाशन गरिनेछ ।

..............................
दिनेश कुमार राई
प्रमुख प्रशासकीय अधिकृत

राजेन्द्र सिग्देल
शिक्षा अधिकृत
(अधिकृतस्तर सातौं)



https://manebhanjyangmun.gov.np/, Email: info@manebhanjyangmun.gov.np, ☎ : 9852820002/9852844408


CamScanner